## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

त्रिवेणी नगरपालिका


खण्ड २०८१ संख्या ०१ मिति: २०८१./०३/१०


**भाग-१**

**त्रिवेणी नगरपालिका**

# त्रिवेणी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०८१

आज्ञाले,

चिरन्जीवी प्रशाद शाह

नि.प्रमुख प्रशासकीय अधिकृत

**त्रिवेणी नगरपालिका नगरकार्यपालिकाको**

**कार्यालय तोली, बाजुरा**

---

# त्रिवेणी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन २०८१

**प्रस्तावना** : त्रिवेणी नगरपालिकाको आर्थिक बर्ष २०८१।०८२ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरीसंविधानकोधारा २२६ को उपधारा (१) बमोजिम,

त्रिवेणी पालिकाको नगर सभाले यो अर्थ सम्वन्धी प्रस्तावलाई कार्यन्वयन गर्ने सम्बन्धी ऐन बनाइ लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१) यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि त्रिवेणी नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, –

(क) "ऐन" भन्नाले त्रिवेणी नगरपालीकाको आर्थिक ऐन, २०८१ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले त्रिवेणी नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालीका" भन्नाले त्रिवेणी नगरपालिका सम्झनु पर्छ ।

(घ) "फर्म" भन्नाले प्रचलित कानुनवमोजिम दर्ता भएवा नभएको जुनसुकै फर्म सम्झनुपर्छ ।

(ङ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

(च) "सभा" भन्नाले त्रिवेणी नगरपालिकाको सभा सम्झनु पर्छ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

२. **सम्पति कर** : त्रिवेणी नगरपालिकाका क्षेत्रभित्र अनुसुचि  (१) बमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भुमि कर (मालपोत)** : त्रिवेणी नगरपालीका क्षेत्रभित्र अनुसुचि  (१) बमोजिम भुमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४. **घर वहाल कर** : त्रिवेणी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसुचि  (१) वमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर** : त्रिवेणी नगरपालिका क्षेत्रभित्र व्यपार, व्यवसाय वा सेवामा पूजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची  (१) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : त्रिवेणी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्त बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसुची  (१) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन कर** : त्रिवेणी नगरपालिका क्षेत्रभित दर्ता भएका सवारी साधनमा अनुसूची  (१) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्विकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएमा सोही बमोजीम हुनेछ ।

८. **विज्ञापन कर** : त्रिवेणी नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुचि 

(१) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

तर प्रदेश कानुन स्विकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएमा सोही बमोजीम हुनेछ ।

९. **मनोरन्जन कर** : त्रिवेणी नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि  (१) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ

। तर प्रदेश कानुन स्विकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएमा सोही बमोजीम हुनेछ ।

१०. **<u>बहाल बिटौरी शुल्क</u>** : त्रिवेणी नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको अनुसुची  (१) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **<u>पार्किङ शुल्क</u>** : त्रिवेणी नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची  (१) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **<u>ट्रेकि, कोयोकिड, क्यानोइ, बन्जी जम्पि, जिपभलायर र र्याबभटी शुल्क</u>** : त्रिवेणी नगरपालिकाले आपनो क्षेत्रभित्र ट्रेकि, कायोकिड, क्यानोइ, बन्जी जम्पि, जिपपलायर र र्यारपटीसेवा वा व्यवसाय सञ्चालन गरेवारत अनुसुची  (१) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **<u>सेवा शुल्क, दस्तुर</u>** : त्रिवेणी नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची  (१) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **<u>पर्यटन शुल्क</u>** : त्रिवेणी नगरपालिकाले आपनो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूवाट अनुसूची  (१) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्विकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएमा सोही बमोजीम हुनेछ ।

१५. **<u>अन्य कर</u>** : निकासी पैठारी भएका स  सामान नगरपालिका वाट वाहिर जाने सामा हरू जस्तै सिलेट, काठ, फुल, धुपमा प्रयोग हुने सामान, ढुङगा,बालुबा, गिट्टि आदी मा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१६. कर छुट नहुने : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **<u>कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :</u>** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि त्रिवेणी नगरपालिकाले तोके अनुसार हुनेछ ।

| | | | | |
|---|---|---|---|---|
| अनुसूची -१ | | | | |
| (ऐनको दफा २ संग सम्बन्धित) | | | | |
| सम्पत्ति/घरजग्गा कर | | | | |
| क्र स | राजस्व शिर्षक | आ व २०८०।०८१ | आ व २०८१।०८२ | कैफियत |
| १ | पहिलो ५,००,०००। लाखसम्म | ०.१०% | ०.१०% | |
| २ | पहिलो ५,००,०००। लाख भन्दा माथि | ०.१५% | ०.१५% | |
| | | | | |
| अनुसूची -२ | | | | |
| (ऐनको दफा ३ सग सम्बन्धीत) मालपोत भुमिकर | | | | |
| (क) वजार क्षेत्रः साविकको कैलाशमाण्डौं , तोली र छतारा गाविसको वजार क्षेत्र | | | | |
| १ | ५ रोपनी सम्म | ४० | 0 | |
| २ | ५ देखी १० रोपनी सम्म प्रति रोपनी थप | २५ | 0 | |
| ३ | १० रोपनी भन्दा माथी प्रति रोपनी थप | १५ | 0 | |
| (ख) ग्रामीण क्षेत्रः साविकको कैलाशमाण्डौं , तोली र छतारा गाविसको वजार क्षेत्र वाहेक | | | | |
| १ | ५ रोपनी सम्म | २० | ० | |
| २ | ५ देखी १० रोपनी सम्म प्रति रोपनी थप | १० | ० | |
| ३ | १० देखी २० रोपनी सम्म प्रति रोपनी थप | १० | 0 | |
| ४ | २० रोपनी भन्दा माथि प्रति रोपनी थप प्रति रोपनी थप | १५ | 0 | |
| क | अबल्ल | 0 | ०.३०% | |
| ख | दोयम | 0 | ०.२५% | |
| ग | सिम | 0 | ०.२०% | |
| घ | चाहार | 0 | ०.१५% | |
| ङ् | पाखो | 0 | ०.१०% | |
| अनुसूची -३ | | | | |
| (ऐनको दफा ४ संग सम्बन्धित) | | | | |
| घरजग्गा वहाल कर | | | | |

| | | | | |
|---|---|---|---|---|
| यस नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, ग्यारेज गोदाम र अन्य भवनको संरचनाहरु आंशिक तवरले वहालमा दिएमा व्यक्ति वा संस्थावाट भाडा दरको १० प्रतिशत रकम असुल गरिनेछ। | | | | |
| अनुसूची -४ | | | | |
| सुचिकृत शुल्क | | | | |
| क स | राजस्व शिर्षक | आ व २०८०।०८१रकम | आ व २०८१।०८२रकम | |
| १ | होटेल ब्यबसाय | | | |
| १.१ | होटेल एण्ड रेस्टुरेट बजार क्षेत्र | १००० | १००० | |
| १.२ | होटेल एण्ड रेस्टुरेट ग्रामिण क्षेत्र | ५०० | ५०० | |
| २.उधोग एबं फर्म | | | | |
| २.१ | सिमेन्ट टायल तथा ब्लग उधोग | ५००. | ५०० | |
| ३.पशुपालन फर्म | | | | |
| ३.१ | बाखा | १००० | ५०० | |
| ३.२ | गाई | ५०० | १०० | |
| ३.३ | भैसि | २००० | ५०० | |
| ३.४ | बंगुर | १००० | ५०० | |
| ३.५ | मत्स्य पालन ब्यबसाय | १००० | ५०० | |
| ३.६ | मौरि पालन ब्यबसाय | २०० | २०० | |
| ३.७ | कुखुरा पालन ब्यबसाय | १००० | ५०० | |
| ३.८ | दुध दही घ्यु पनिर बिक्रि गर्ने डेरी | १००० | ५०० | |
| ४.अन्य साना उधोग | | | | |
| ४.१ | ग्यारेज | ४००० | ५०० | |
| ४.२ | टिउसन कोचिङ सेन्टर भाषा पाठशाला कम्प्युटर ईन्सिच्युट | १००० | ५०० | |
| ५.चिया तथा कफि पसल तर्फ | | | | |
| ५.१ | चिया तथा नास्ता पसल | ५०० | ५०० | |
| ६.माछा मासु फलफूल तथा तरकारी व्यवसाय | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६.१ | माछा मासु कटिङ्ग बिक्रि पसल | १००० | ५०० | |
| ६.२ | फलफुल पसल तर्फ | ५०० | ५०० | |
| ७.फुटकर बिक्रेता | | | | |
| ७.१ | साग सब्जी तथा तरकारी पसल तर्फ | ५०० | ५०० | |
| ७.२ | फुटकर बिक्रेता | ५०० | ५०० | |
| ८.फार्मेसी/ आयुर्वेदिक/स्वास्थ्य तथा मेडीकल सेवा/ क्लिनिक | | | | |
| ८.१ | आयुर्वेदिक औषधि फुटकर बिक्रेता | १००० | ५०० | |
| ९.स्वास्थ्य सेवा तथा क्लिनिक | | | | |
| ९.१ | औषधि पसल तथा सर्जिकल्स | ३००० | ५०० | |
| १०.अन्य पसल व्यवसाय/उद्योग तथा व्यापार | | | | |
| १०.१ | एग्रोभेट र पशुपन्छी औषधि | १००० | ५०० | |
| १०.२ | साना तथा खुद्रा व्यवसाय | ५०० | ५०० | |
| १०.३ | सिलाई पसल | ३००० | १००० | |
| १०.४ | सिलाई पसल सानो | ५०० | ५०० | |
| १०.५ | ब्यूटिपालर/ कस्मेटिक पसल/ खेलौना सजावट पसल | १००० | ५०० | |
| ११.मट्टितेल/ पेट्रोल डिजल पम्प तथा अन्य ब्यवसाय | | | | |
| ११.१ | पेट्रोल पम्प/ डिजल पम्प मट्टितेल पम्प | ५००० | ५००० | |
| ११.२ | किराना पसल थोक बिक्रेता | १००० | २००० | |
| ११.३ | किराना पसल फुटकर बिक्रेता | १००० | ५०० | |
| १२.हार्डवेयर तथा निर्माण सामाग्री पसल | | | | |
| १२.१ | इलोक्ट्रोनिक्स र इलेक्ट्रीकल सामान मर्मत पसल | १००० | ५०० | |
| १२.२ | इलोक्ट्रोनिक्स र इलेक्ट्रीकल सामान बिक्री तथा मर्मत पसल | १००० | ५०० | |
| १३.अन्य ब्यवसाय तर्फ | | | | |
| १३.१ | फेन्सी तथा सु - सेन्टर | ५०० | ५०० | |
| १३.२ | टेन्ट हाउस, बेन्डबाजा, डि.जे साउन्ड | १००० | ५०० | |
| १३.३ | छापाखाना | २००० | १००० | |
| १३.४ | स्टेशनरी तथा पुस्तक पसल | २००० | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| १३.५ | ट्रान्सपोर्ट ढुवानी सेवा | १००० | ५०० | |
| १३.७ | निर्माण व्यवसाय सुचिकृत | २५०० | ३५०० | |
| १३.८ | अन्य फर्म सुचिकृत | ५०० | ५०० | |
| १३.९ | इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ४००० | ३५०० | |
| १३.१ | पेन्टिङ आर्ट पसल | ५०० | ५०० | |
| १३.११ | जिप टिकट बुकिङ काउण्टर | १५०० | १५०० | |
| १३.१२ | सुनचाँदी व्यवसाय | २००० | १००० | |
| १४.उधोग, कारखाना तथा बिक्रि कक्ष समेत | | | | |
| १४.१ | पाउरोटी, चकलेट, चाउमिन, नमकिन उधोग | १००० | १००० | |
| १४.२ | फर्निचर उधोग काठ | २३०० | ३००० | |
| १४.३ | फर्निचर उधोग स्टिल | १००० | ३००० | |
| १४.४ | कुटानी पिसानी मिल | १००० | १००० | |
| १४.५ | ह्याचरी उधोग सो सम्बन्धि | १००० | १००० | |
| १५.विविध | | | | |
| १५.१ | कपाल काट्ने पसल | १००० | ५०० | |
| अनुसूची -५ | | | | |
| (ऐनको दफा ६ संग सम्बन्धित) | | | | |
| जडीवुटी, कवाडी र जीवजन्तु | | | | |
| सिफारिस दस्तुर :- जडीवुटी, कवाडी र जीवजन्तुकर यस सम्बन्धि नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ। | | | | |
| १६.कवाड सामाग्री | | | | |
| १६.१ | धातुजन्य कवाड | २०० | ५०० | |
| १६.२ | कागज तथा प्लास्टिक | २० | १०० | |
| १६.३ | अन्य | १० | ५०० | |
| अनुसूची -६ | | | | |
| (ऐनको दफा ७ संग सम्बन्धित) | | | | |
| सवारी साधन कर | | | | |
| सवारी साधन कर यस सम्बन्धि नगरकार्यपालिकाले तोके वमोजिम हुनेछ। | | | | |
| १७.सवारी साधन कर यस सम्बन्धि नगरकार्यपालिकाले तोके वमोजिम हुनेछ। | | | | |

| | | | | |
|---|---|---|---|---|
| १७.१ | अटो रिक्सा | | ० | |
| १७.२ | विद्युतीय रिक्सा | | ० | |
| १७.३ | अन्य | | ० | |
| अनुसूची -७ | | | | |
| (ऐनको दफा ८ संग सम्बन्धित) | | | | |
| विज्ञापन कर | | | | |
| क स | विवरण | इकाई | रकम | |
| १८.१ | ईलेक्ट्रोनिक्स विज्ञापन सामाग्री | प्रति वर्ग फिट | ५० | |
| १८.२ | होडिङ्गबोर्ड | प्रति वर्ग फिट | ४५ | |
| १८.३ | भित्तेलेखन | प्रति वर्ग फिट | २० | |
| १८.४ | व्यानर प्रति गोटा | प्रति हप्ता | २० | |
| १८.५ | प्रचार प्रसार गर्ने भेन गाडी | प्रति दिन | १५० | |
| १८.६ | गेट राख्न कार्यालयबाट स्विकृत लिएर | प्रति हप्ता | ५०० | |
| १८.७ | भेन गाडिमा राखेर गरिने माईकिङ्ग ब्यवसायिक प्रयोजनका लागी | प्रति दिन | १०० | |
| १८.८ | सो भन्दा माथि प्रति स्क्वायर फिट | प्रति दिन | ५५ | |
| १८.९ | १२ स्क्वायर फिट सम्म प्रति स्कायर फिट | प्रति वर्ग फिट | ५५ | |
| १८.१ | २४ स्क्वायर फिट सम्म प्रति स्कायर फिट | प्रति वर्ग फिट | ४५ | |
| १८.११ | सामन्य ब्यानर, पोल ब्यानर दस्तुर उपशाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतले तोके अनुसार हुनेछ | | | |
| नोट | | | | |
| १.कार्यालय औधोगिक तथा व्यापारी प्रतिष्ठान र कुनै पनि संघ संस्थाले पहिचानका लागि (विज्ञापन प्रयोजन बाहेक राखिने ३ फिट चौडाई देखि ६ फिट लम्बाई नाप भएका बोर्ड र फलेक्स प्रिन्ट र लिड बोर्ड भए १.५ फिटचौडा र ३ फिट लम्बाई नाप भएका बोर्डहरुको विज्ञापन कर लिन पाईनेछैन) | | | | |
| नगरपालिकाबाट राखिएका सडक सौर्य बत्तिका पोल, बिजुलीका पोल (हाइटेन्सन पोल बाहेक) तथा टेलिफोनको पोल प्रयोग गरि गरिने बिज्ञापन समावेश गरिएको छैन । | | | | |
| कार्यालयको पुर्व स्विकृत लिएर मात्र विज्ञापन सामग्री राख्न पाईने : | | | | |

| | | | | |
|---|---|---|---|---|
| पोलमा राखिने विज्ञापन को नाप २*२.५ फिट भन्दा ठुलो राख्न पाइने छैन, प्रति पोलमा बढीमा २ वटा सम्म राख्न पाइनेछ । प्रति विज्ञापनको प्रति गोटा बार्षिक रु ५00 का दरले लिईने छ । | | | | |
| अनुसूची -८ | | | | |
| (ऐनको दफा ९ संग सम्बन्धित) | | | | |
| मनोरञ्जन कर | | | | |
| क्र स | विवरण | इकाई | रकम | |
| १९.१ | प्रवेश शुल्क लाग्ने मनोरन्जनात्मक व्यवसायिक मिनि मेला व्यवसायसायिक मेला तथा खेलकुदका लागी | प्रति प्रवेश टिकटमा | ५ | |
| १९.२ | नगरपालिका बाट स्विकृत लिई संचालन हुने मनोरन्जानत्मक व्यवसायिक मिनिमेला ब्यवसायिक मेला तथा खेलकुद लगायतका लागी न्यूनतम ५ दिन समेतका लागी | | ३००० | |
| १९.३ | सो भन्दा बाढी प्रत्येक दिनका लागी थप | | १००० | |
| अनुसूची -९ | | | | |
| (ऐनको दफा १० संग सम्बन्धित) | | | | |
| बहाल विटौरी कर | | | | |
| यस सम्बन्धि व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ | | | | |
| अनुसूची -१० | | | | |
| (ऐनको दफा ११ संग सम्बन्धित) | | | | |
| पार्किङ्ग शुल्क | | | | |
| यस सम्बन्धि व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ | | | | |
| अनुसूची -११ | | | | |
| (ऐनको दफा १२ संग सम्बन्धित) | | | | |
| सेवा शुल्क दस्तुर | | | | |
| २०.सेवा शुल्क सिफारीस दस्तुर | | | | |
| क्र स | विवरण | रकम रु | | |
| २०.१ | सेवा शुल्क सिफारीस दस्तुर | १०० | १०० | |
| २०.२ | सिफारिस दस्तुर / प्रमाणित दस्तुर तर्फ | ५५० | ५५० | |
| २०.३ | विविध सिफारीस | १०० | १०० | |

| | | | | |
|---|---|---|---|---|
| २०.४ | संघ र प्रदेशमा योजना माग सिफारीस | ३०० | ३०० | |
| २०.५ | योजना भुक्तानी सिफारीस | ५०० | ५०० | |
| २०.६ | दुर्गम प्रमाणित सिफारीस | १५० | १०० | |
| २०.७ | नागरीकता सिफारीस | २०० | २०० | |
| २०.८ | अंगिकृत नागरिगता सिफारीस बैवाहिक | १००० | ५०० | |
| २०.९ | नागरिकता प्रतिलिपि सिफारीस दस्तुर | १५० | २५० | |
| २०.१ | दुबै नाम एकै हो भन्ने सिफारीस दस्तुर | २०० | २०० | |
| २०.११ | नाम थर सच्चाउने सिफारीस | २०० | २०० | |
| २०.१२ | अंग्रेजीमा गरिने सबै सिफारीस | २०० | २०० | |
| २०.१३ | नाता प्रमाणीत | ३०० | २०० | |
| २०.१४ | नाता कायम | २०० | १५० | |
| २०.१५ | अंसियार प्रमाणित | २०० | २०० | |
| २०.१६ | जग्गाधनि प्रमाण पुर्जा प्रतिलिपि सिफारीस | २०० | २०० | |
| २०.१७ | पारिवारीक विवरण | २५० | २५० | |
| २०.१८ | बसोवास प्रमाणीत | १०० | १०० | |
| २०.१९ | नाबालक सिफारीस | १०० | ५० | |
| २०.२ | जन्म मिति प्रमाणीत | १०० | १०० | |
| २०.२१ | अविवाहित प्रमाणीत | २०० | १०० | |
| २०.२२ | व्यक्तिगत प्रमाणीत | १०० | १०० | |
| २०.२३ | चारित्रिक प्रमाणीत | ४०० | २०० | |
| २०.२४ | आदिवासी जनजाती, दलित, मधेसि पिछडावर्ग सिफारीस | १०० | १०० | |
| | जेष्ठ नागरिक ,अशक्त,एक्कल महिला ,अपांगता ,अल्प संख्क ,विपन्न तथा औषधि उपचार सिफारिस | | निशुल्क | |
| २०.२५ | व्यक्तिगत घटना दर्ता शुल्क पञ्जिकरण विभागले तोके बमोजिम | | | |
| २०.२६ | खानेपानी जडान, नामसारी ठाउसारी सिफारीस | ५०० | २०० | |

| | | | | |
|---|---|---|---|---|
| २०.२७ | विधुत जडान, नामसारी, ठाउसारी (घरायसी) | ५०० | २०० | |
| २०.२८ | विधुत जडान, नामसारी, ठाउसारी उधोग | ५०० | २०० | |
| २०.२९ | काठको सिफारीस ठाउसारी | ५०० | ५०० | |
| २०.३ | व्यवसाय दर्ता प्रमाण पत्र दस्तुर | ५०० | ५०० | |
| २०.३१ | व्यवसाय बन्द तथा नाम परिवर्तन | २०० | २०० | |
| २०.३२ | व्यवसाय नामसारी, ठाँउसारी दस्तुर | ५०० | ५०० | |
| २०.३३ | सुर्तिजन्य व्यवसाय सिफारीस | १००० | ५०० | |
| २०.३४ | सर्जमिन दस्तुर | २०० | १०० | |
| २०.३५ | नामसारी सिफारीस दस्तुर (मरुवा सरुवा हकमा) | २०० | ५०० | |
| २०.३६ | सरकारी निकायमा दर्ता भएका व्यवसायहरुलाई नगरपालिका मा दर्ता गर्दा व्यवसाय दर्ता प्रमाणपत्र बाफत रु ५०० र उधोगको हकमा प्रमाणपत्र रु १००० | ५००/१००० | १ | |
| २०.३७ | मुद्धाको निवेदन दस्तुर | १०० | १०० | |
| २०.३८ | मेलमिलाप दस्तुर | २५० | ३०० | |
| २०.३९ | मुहान दर्ता (खानेपानी तथा सिचाई) | ० | १००० | |
| २१.उधोग तथा व्यवसाय दर्ताको लागि गरिने सिफारिस दस्तुर | | | | |
| २१.१ | कुटानी पिसानी मिल संचालन निवेदन दस्तुर | १००० | ५०० | |
| २१.२ | हाते कागज/ अल्लो प्रशोधन सिफारिस दस्तुर | २५०० | २००० | |
| २१.३ | ग्रिल,ईटा,ट्रस्ट टायल उद्धोग संन्चालन सिफारिस दस्तुर | ३५०० | २५०० | |
| २१.४ | सिमेन्ट टायल तथा ब्लक उधोग संचालन निवेदन दस्तुर | २५०० | २५०० | |
| २१.५ | एफ.एम दर्ता सिफारिस सुल्क | १२००० | १२००० | |
| २१.६ | डोरी उधोग संचालन निवेदन दस्तुर | २५०० | २००० | |
| २१.७ | होटल लज रेष्टुरेन्ट संचालन निवेदन दस्तुर | ३००० | २००० | |
| २१.८ | ह्याचरी उधोग ठुलो | २००० | २००० | |
| 22.8.९ | ह्याचरी उधोग सानो | २००० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| २१.९ | दाना उधोग सानो (२०००), प्लेट दाना उधोग(३०००) | १५०० | १५०० | |
| २१.१ | पोल्टी फर्म दर्ता | १५०० | १००० | |
| २१.११ | कृषि/ पशुपालन फर्म दर्ता | २५०० | १००० | |
| २१.१२ | स्टिल भाडा बतन तथा फर्निचर उधोग | ३००० | १००० | |
| २१.१३ | काठको फर्निचर उधोग | १५०० | १००० | |
| २१.१४ | इलेक्ट्रोनिक्स एण्ड इलेक्ट्रीकल्स | १०००० | १००० | |
| २१.१५ | पेट्रोल एव डिजल पम्प समेत (आयल स्टोर) | १००० | १००० | |
| २१.१६ | बिस्कुट/ पाउरोटी/ चकलेट/ नमकिन/ चाउमिन उधोग | १००० | १००० | |
| २१.१७ | मोटर ग्यारेज मोटरसाईकल | १००० | १००० | |
| २१.१८ | ट्युसन, कोचिङ्ग सेन्टर, भाषा पाठशाला, कम्प्यूटर इन्सिटिच्यूट | १००० | ५०० | |
| २१.१९ | टैन्ट हाउस/ डिजे साउण्ड सिस्टम | ५०० | ५०० | |
| २१.२ | खोका छाप्रा दर्ता शुल्क | ५०० | ५०० | |
| २१.२१ | T.S मेसिनको दैनिक भाडा दर | ० | १५०० | |
| २२.घ बर्गको निर्माण व्यवसायको सेवा शुल्क | | | | |
| २२.१ | घ बर्गको निर्माण व्यवसायको ईजाजत सेवा दर्ता शुल्क | १५००० | १५००० | |
| २२.३ | इजाजत पत्र हकवालाको नाममा नामसारी शुल्क | ५००० | २००० | |
| २२.४ | इजनाजत पत्र हकवाला बाहेको नाममा नामसारी शुल्क | ६००० | २५०० | |
| २२.५ | निर्माण व्यवसाय नवीकरण | ८००० | ३००० | |
| २२.७ | इजाजत पत्र खारेज शुल्क | १००० | १००० | |
| २२.८ | इजाजत पत्र प्रतिलिपि शुल्क | १००० | १००० | |
| २२.९ | इजाजत पत्र प्रमाण पत्र दस्तुर | १००० | १००० | |
| २२.१ | सुन चाँदि व्यवसाय दर्ता | २००० | २००० | |
| २२.११ | फैन्सी पसल दर्ता | १००० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| २३.घर बाटो भए / नभएको प्रमाणित | | | | |
| २३.१ | चारकिल्ला प्रमाणित | १००० | ५०० | |
| २४.आय श्रोत प्रमाणित | | | | |
| २४.१ स्वदेश प्रयोजनको हकमा | | | | |
| क | १० लाख सम्म | १००० | ५०० | |
| ख | १० लाख देखी २५ लाख सम्म | १५०० | १००० | |
| ग | २५ लाख देखि माथी | | १५०० | |
| २४.२ बैदेशिक प्रयोजनको लागि आयस्रोत प्रमाणित | | | | |
| क | पहिलो रु १० लाख सम्ममा | २५०० | ७५० | |
| ख | पच्चिस लाख सम्म | ४००० | १२५० | |
| ग | पच्चिस लाख एक देखि पचास लाख सम्म | ५००० | १५०० | |
| घ | पचास लाख एक देखि पचहत्तर लाख सम्म | ६००० | २००० | |
| ङ | पचहत्तर लाख एक देखि एक करोड सम्म | ८००० | २५०० | |
| च | एक करोड एक देखि एक करोड पचास लाख सम्म | १०.००% | ३००० | |
| २५. निजि शैक्षिक संस्था तर्फ | | | | |
| २५.१ | प्रा.बि.स्तर (आउदा) | ३००० | ३००० | |
| २५.२ | नि.मा.बि स्तर(आउदा) | ५७०० | ५००० | |
| २५.३ | मा.बि स्तर (जादा) | ६००० | ८००० | |
| २५.४ | क्याम्पस स्तर (जादा) | ८५०० | १०००० | |
| २६.बैक तथा वित्तिय संस्था सिफारीस दस्तुर | | | | |
| २६.१ | क श्रेणी | १५०० | २५०० | |
| २६.२ | ख श्रेणी | १०००/५०० | १५०० | |
| २६.३ | ग र घ श्रेणी | १००० | १००० | |
| २६.४ | बचत तथा ऋण सहकारी संस्था सिफारिस दस्तुर | ५०० | ५०० | |
| २६.५ | सार्वजनिक मठ मन्दिर गुम्बा, मस्जिद, चर्च पाटी पौवाको हकमा सिफारीस दस्तुर | | ० | |
| २८.पशु सेवा शुल्क दस्तुर | | | | |

| | | | | |
|---|---|---|---|---|
| क | गाई/ भैसी परिक्षण शुल्क | १० | ५ | |
| ख | बाखा परिक्षण शुल्क (प्रति गोटा) | ५ | ५ | |
| ग | कुखुरा परिक्षण शुल्क (प्रति गोटा) | ५० | ५ | |
| घ | कुकुर/ विरालो परिक्षण शुल्क | | ५ | |
| २८.१ कृत्रिम गर्भाधान कार्यलमा गरेको | | | | |
| क | गाई/ भैसी | ५० | ५० | |
| ख | बाखा परिक्षण शुल्क (प्रति गोटा) | २० | १० | |
| ग | गोबर परिक्षण गरेको | ५०० | २० | |
| घ | पशु विकास शाखा बाट फिल्डमा गई सेवा दिए बफतको सेवा शुल्क मध्ये रु ५० न.पा. लाई दिने जम्मा गर्ने र बाँकी फिल्डमा खटीने कर्मचारीको हुने | ५०० | ५०० | |
| २८.२ कृषि/ पशु/ महिला बिकास/ सामुदायिक बन दर्ता सिफारीस/ दर्ता सुचिकृत शुल्क/ दस्तुर | | | | |
| क | दर्ता शुल्क | ३०० | ३०० | |
| ख | नविकरण शुल्क | १०० | १०० | |
| ग | सिफारीस दस्तुर | ५०० | ५०० | |
| २८.३ पशु चौपाया ओसार पोसार सेवा शुल्क/ दस्तुर | | | | |
| क | राँग/ भैसी प्रति | १५० | २५० | |
| ख | खसि/ बाखा प्रति | १०० | १०० | |
| ग | गाई/ गोरु प्रति | ५० | ५० | |
| २९.हातहतियार नविकरण शुल्क | | | | |
| २९.१ | एक नाले बन्दुक नविकरण निवेदन दस्तुर | ३००० | ० | |
| २९.२ | दुई नाले बन्दुक | ३५०० | ० | |
| ३०.रेडियो एफ एम तथा पत्रपत्रिका मिडिया नविकरण शुल्क | | | | |
| ३०.१ | रेडियो एफ एम दर्ता नबिबरण शुल्क | ३००० | ३००० | |
| ३०.२ | पत्रपत्रिका मिडिया दर्ता नविकरण शुल्क | ५०० | ५०० | |
| अनुसूची -१२ | | | | |
| (ऐनको दफा १३ संग सम्बन्धित) | | | | |

| |
|---|
| पर्यटन शुल्क |
| यस सम्बन्धि व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ |
| अनुसूची -१३ |
| (ऐनको दफा १४ संग सम्बन्धित) |
| प्राकृतिक शुल्क |
| यस सम्बन्धि व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ |
| अनुसूची -१४ |
| (ऐनको दफा १५ संग सम्बन्धित) |
| सामुदायिक वनवाट प्राप्त हुने आय |
| यस सम्बन्धि व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ |
| अनुसूची -१५ |
| (ऐनको दफा १६ संग सम्बन्धित) |
| दण्ड जरिवाना |
| यस सम्बन्धि व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ |

आज्ञाले,

चिरन्जीवी प्रशाद शाह

नि.प्रमुख प्रशासकीय अधिकृत